# लालबन्दी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### लालबन्दी, सर्लाही

### मधेश प्रदेश, नेपाल

# बक्यौता रकम दाखिला गर्ने सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशन मिति: २०८१/१०/३०)**

यस कार्यालयको विभिन्नम आर्थिक वर्षहरुमा भएका निम्न आय ठेक्का कबोल गरी यस कार्यालयलाई बुझाउनु पर्ने बाँकी राजश्व बक्यौताहरु अन्तिम लेखा परीक्षणबाट समेत बेरुजु कायम भई रकम दाखिला गर्न पटक पटक पत्राचार गर्दा समेत बाँकी बक्यौता असुल उपर नभएको हुँदा लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०८/२७ को बैठकको निर्णयानुसार यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३५(पैतिस) दिनभित्रमा आफ्नो नामको बक्यौता रकम दाखिला गर्नु हुन वा दाखिला गरिसकेको भए सो को प्रमाण पेश गर्नुहुन सूचित गराइन्छ। अन्यथा आर्थिक कार्यविधी तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ बमोजिम कारवाहीको प्रक्रिया अगाडि बढाइने बेहोरा यस कार्यालयको मिति २०८१/१०/२८ को निर्णय बमोजिम जानकारी गराइन्छ।

| क्र.सं. | ठेकेदार वा व्यक्तिको नाम र ठेगाना | नागरिकता प्रमाणपत्र नं. | ठेक्काको विवरण | बाँकी बक्यौता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सविन कुमार पौडेल, लालबन्दी न.पा.-९, सर्लाही | ५२९६१३३९, सर्लाही | लालबन्दी न.पा.को व्यवसायिक भवन (वाणिज्य बैंकको तल्लो तल्ला) | रु.५२,४५,८१०/- | |